# इन्द्रेणी इ-बुलेटिन

समाज परिवर्तनको संवाहक

इ-बुलेटिन मासिक | अंक ४ | वर्ष १ | महिनाः मंसिर २०७२

**संरक्षक**
रुद्र मश्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नवराज शर्मा
गोपाल खराल
निर्मला दर्लामी

**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५५२००९१
इमेलः iskpalpa@yahoo.com
वेवसाइटः www.isknepal.org.np
फेसवुकः www.facebook.com/Indreni-Samaj-Kendra-ISK-Nepal




**बालअधिकार, हाम्रो जिम्मेवारी ।**

## समाचार संक्षेप-:

- ठिमुरे, छहरा र बन्दीपोखरामा सुचना शिक्षा सामाग्री तथा कण्डम स्टल सम्पन्न ।
- पाल्पाको बौघापोखराथोक नामीकुवामा आप्रवासी कामदारहरुसंग एचआइभी यौनरोग बारे छलफल कार्यक्रम सम्पन्न।
- गल्धा र मित्याल गाउँ विकास समितिका भुकम्प प्रभावित थप ४७ परिवारलाई राहात वितरण।
- झिरुवास, छहरा, सहलकोट र ठिमुरेमा दशै तथा तिहारको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न



## सडक नाटक कार्यक्रम सम्पन्न

इन्द्रेणी समाज केन्द्र नेपालद्वारा अन्तर्राट्रिय विकासका लगी अमेरिकी सहयोग नियोग **USAID** साथ साथ परियोजनाको आयोजनामा २०७२ साल कार्तिक महिनाको १० पाल्पा जिल्लाको बन्दीपोखरामा सामुदायिक सचेतना कार्यक्रम अन्तर्गत सडक नाटक कार्यक्रम सम्पन्न भएको छ । नाटक इन्द्रेणी समाज केन्द्र नेपाल, लिपिन्देबी युवा क्लबले संयुक्त रुपमा सम्पन्न गरेका हुन् । नाटकमा एचआइभी, यौनरोग बारे जानकारी साथै विदेशमा बस्ने आप्रवासी कामदारले घरमा फर्कने वित्तिकै एचअआइभी तथा यौनरोग परिक्षण गर्नुपर्ने कुरालाई जोड दिइएको थियो । पुर्णिमा मेलामा आयोजना गरिएको नाटक कार्यक्रम करिव ७ हजार दर्शकहरुले अवलोकन गरेका थिए । साथै इन्द्रेणी समाज केन्द्र नेपालका कर्मचारीहरुले नाटक संगै सुचना शिक्षा सामाग्री तथा कण्डमको स्टल पनि राखिएको थियो ।

सो कार्यक्रममा तानसेन नगरपालिका, बन्दीपोखरा, भैरवस्थान, बौघापोखराथोक, खस्यौली, तेल्घा लगायतका गाउँ विकास समितिका दर्शकहरुको सहभागिता रहेको थियो । सामुदायिक सचेतना कार्यक्रम अन्तर्गत गरिएको सडक नाटक कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला एड्स सम्मन्वय समितिको अवलोकन तथा मूल्याँकन भ्रभण समेत गरिएको थियो ।

**सधैं अधिकार मात्र उपयोग गरेर जीन्दगी सम्वृद्धशील बन्दैन, कर्मशील र कर्तव्यनिष्ठ बन्नुपर्दछ ।**






आजका बालबालिका भोलिका कर्णाधार ।

**निराशावादीले काँडा मात्र देख्छ फूललाई बिर्सन्छ तर आशावादीले फूललाई मात्र देख्छ काँडालाई बिर्सन्छ ।**

हस्तकला..........



## प्लाष्टिक गमला बनाउने तालिम पालुङमैनादीमा सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा अर्न्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID) साथ साथ प्रोजेक्टको आर्थिक तथा प्राबिधिक सहयोगमा संचालित एचआईभी, यौन रोग रोकथाम, हेरचाह तथा उपचार कार्यक्रम अन्तर्गत मिति २०७२ असोज २१ गते पालुङ्गमैनादी डिआईसीमा अतिरिक्त क्रियाकलाप अन्तर्गत प्लाष्टिक गमला बनाउने तालिम सम्पन्न गरियो । १६ जना आप्रवासी कामदारका श्रीमतीहरुको सक्रिय सहभागीतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो । तालिममा एचआइभी एड्स, यौनरोग, कण्डमको सम्झौतासिप लगायतको बारेमा छलफल गरिएको थियो । तालिमको सहजीकरण इन्द्रेणी समाज केन्द्र नेपाल, साथ-साथ प्रोजेक्टकी आउटरीच एजुकेटर पवित्रा रायमाझी र पालुङ्गमैनादी डिआईसी अपरेटर पुष्पा कुँवरले गर्नुभएको थियो । कार्यक्रम सहभागीहरुलाई साथ-साथ प्राजेक्ट मार्फत संचालित कार्यक्रम तथा उपलब्ध सेवाहरुको बारेमा जानकारी गराउने, यौनरोग, एच्आईभी, कण्डमको सहि र नियमित प्रयोगको बारेमा जानकारी तथा शिक्षा दिने तथा सहभागीहरु बिचमा कण्डमको सहि प्रयोगका बारेमा जानकारी पुऱ्याउने साथै जाँचका लागी सेवा केन्द्रबारे जानकारी गराउने उद्धेश्यले संचालन गरिएको थियो ।

## एचआइभी संक्रमित भएर पनि खुशीसाथ बाँच्न सकिन्छ ।

*-बीरबहादुरको कथा*

पाल्पाको सदरमुकाम तानसेन देखी पश्चिम कुसुमखोलामा जन्मिएका हुन् बीरबहादुर (नाम परिवर्तन) । ७ छोराछोरी लाई जन्म दिएर यत्तिका धेरै छोराछोरी अनि श्रीमती अलपत्र छाडेर अर्की बिबाह गरी काठमाण्डौ बस्न थाले उनका बाबु। साँझ बिहान हात-मुख जोड्न पनि निकै गाह्रो हुन थाल्यो त्यो परिवार लाई । हरेक दिन आमाले मेलापात गरेको भरमा चुलो बल्थ्यो अनि गुजारा चल्थ्यो बीरबहादुरको परीवारको । समयको चक्र संगै बीरबहादुर ठुलो हुदै गयो । आर्थिक अभावका कारण पढाई छाडी बीरबहादुर भारतमा गई काम गर्न थाले । केहि महिना होटलमा काम गरे त्यहाँको कमाईले चित्त नबुझेपछि उनी काठमाण्डौ आई होटलमा काम गर्न थाले । समय संग संगै बिरबहादुरको जवानी बढ्दै गयो । साथीभाईको संगतमा लागेर भारतमा रहँदा धेरैजना संग असुरक्षित यौनसम्पर्क हुन पुगेको थियो बिरबहादुरको । यसरी असुरक्षित यौन सम्पर्क गर्ने बेलामा हुनसक्ने यौनरोग र एचआईभी को जोखिमको बिषयमा उनले कहिल्लै पनि सोचेनन् । हाल २५ बर्षका बिरबहादुर लाई बिगत केहि समय देखी स्वस्थ्यमा बिभिन्न समस्याहरु देखिन थाले । डाक्टरको सल्लाह बमोजिम औषधि उपचार पनि गरे । तर उनको स्वास्थ्यमा कुनै पनि सुधार भएन । एक दिन इन्द्रणी समाज केन्द्र, नेपाल साथ साथ प्रोजेक्टका कर्मचारीहरुसंग उनको भेट भयो । उनिसंग यौनरोग र एच्आईभीको बिषयमा जानकारी दिइयो र उनलाई एक पटक एच्आईभी परीक्षण गराउनको लागी सल्लाह दिइयो । इन्द्रेणी समाज केन्द्र, नेपाल साथ साथ प्रोजेक्ट द्धारा संचालित क्लिनिकमा परीक्षण गर्दा उनको रगतमा एच्आईभी पोजेटिभ भेटियो । उनि छाँगाबाट खसे जस्तै भए । अब आफ्नो जिवननै समाप्त भएको जस्तो लाग्यो उनलाई । तर परामर्शदाता लगायत अन्य कर्मचारी हरुको प्रभावकारी परामर्श पश्चात उनले आत्मबल बढाए । इन्देणी समाज केन्द्रका कर्मचारीहरुको सहयोगमा उनलाई तानसेनको मिसन हस्पिटलमा भर्ना गरीयो । एक हप्ताको हस्पिटल भर्ना पश्चात उनि अहिले घरमै नियमित औषधि उपचार संगै आराम गर्दैछन् र उनको स्वस्थ्य अबस्था पनि बिस्तारै सुधारहुँदै गएको अबस्था छ । हाल उनी गाउँमै घर बनाउने काम गर्छन् । बीरबहादुर भन्छन, एचआइभी भएर पनि समयमै जाँच गरे राम्रैसंग बाँच्न सकिने रहेछ ।

## फोटो ग्यालरी



सुधारिएको खोर



ठिमुरेमा सुचना शिक्षा सामाग्री स्टल



इन्द्रेणीको सडक नाटक बन्दीपोखरामा




कण्डम दिवस २०७२